# बर्दिबास नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय महोत्तरी

प्रदेशनं.२, नेपाल ।

## आर्थिक वर्ष २०७६/७७ को नदिजन्य पदार्थको बिक्री कार्यको बोलकबोल सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६/११/०९**

बर्दिबास नगरपालिकाको मिति २०७६/११/०५ गतेको निर्णय, स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्थार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.स. ०७५/७६, च.नं.-७३, मिति २०७५/५/१७ को पत्रानुसार बर्दिबास नगरपालिकाले तोकेको नदिहरुको स्वीकत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थहरु उत्खनन् तथा संकलन भएको र सो मालबस्तु नगर क्षेत्र बाहिर बिक्री निकासी गर्दा नगरपालिकाले तोकेको दर रेटमा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित सर्तहरुको अधिनमा रहि आफ्नो फर्म ईजाजत पत्र,नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७५/७६को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाहीको वा कालोसूचीमा नपरेकोस्वघोषणा,अख्तियारीनामा सहित रितपुर्वकका कागजात सहित बोलकबोल बढाबढमा सहभागी हुन आह्वान गरिएको छ ।

**शर्तहरु:**

१ बोल कबोल बढाबढको यो सुचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र कार्यालयमा दिनको १.०० बजेको समयमा हुने छ समय भित्र आवश्यक कागजात सहित उपस्थित हुनु पर्नेछ ।

२ कबोल अंकको हुन आउने रकमको (मु.अ कर बाहेक) ५ प्रतिशतले हुने रकम यस कार्यालयको कृषि विकास बैक लि बर्दिबास शाखामा रहेको धरौटी खाता नं १००६३०११४९१२८०६७ मा रकम जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको बोल कबोल मितिबाट १२० दिन सम्म म्याद भएको कार्य जमानीपत्र (परफरमेन्स बोण्ड) पेश गर्नु पर्नेछ ।

३ ठेक्का अवधि २०७७ आषाढ मसान्तसम्म रहने छ । ठेक्का रकम दैनिक रहेकोले कबोल अंक दैनिक दाखिला गर्नु पर्नेछ निश्चित समयको एकमुष्ठ रकम अग्रिम बुझाउन भने बाधा पर्ने छैन ।

४ ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्ने छ र ठेक्का रकमबाट घटाउन पाईने छैन ।

५ कारोबार गर्दा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

६ ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।

७ ठेकेदारले बन्द हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मनाहा दाबी गर्न पाइने छैन ।

८ नेपाल सरकार प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

९ यस सुचनामा उल्लेख भएको कुरा यसै बमोजिम र नभएको कुराको हकमा बर्दिबास नगरपालिकाको आन्तरिक आय संकलन तथा ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम तथा अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

# बर्दिबास नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय महोत्तरी

प्रदेशनं. २, नेपाल ।

१० सुचना सम्बन्धी विस्तृत विवण तथा अन्य थप कुरा बुझ्न आवश्यक परेमा कार्यलय समय भित्र यस कार्यालयमा सम्पर्क गरी वा www.bardibasmun.gov.npहेर्न सकिनेछ ।

| क्र.सं. | ठेक्काको विवरण | कुल परिणाम (घन मि. दैनिक) | न्युनतम अंक ठेक्का रकम (दैनिक सेवा शुल्क र मु.अ.कर बाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ ढुंगा, गिट्टी बालुवा आदि बिक्री वितरण | १४१७ | १५००००.००(एक लाख पचास हजार) | कबोल अंकको ५ % | |

प्रमुख प्रशासकिय अधिकृत